# अपिल

**२०७७ ज्येष्ठ १९**

जेठ १०, २०७७ का दिन रुकुमको चौरजहारी न.पा.-८, सोतीमा जाजरकोट जिल्लाको भेरी न.पा.-४, रानागाउँका नवराज वि.क. सहित ५ जनाको युवा र किशोरहरुको मृत्यु तथा एक जना अझै बेपत्ता रहेको घटना प्रति सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको गम्भीर ध्यानाकर्षण भएको छ । सञ्चार माध्यममा आएको घटना विवरण अनुसार नवराज वि.क. (२१ वर्ष)ले एक १७ वर्षीया किशोरीलाई विवाह गर्न चाहन्थे र १९ जना साथीहरू सहित युवतीलाई लिन गएका थिए । युवाहरू १९ जनाको टोली सहित किशोरीको घरमा गईरहेका समयमा नवराज वि.क. सहित अन्य सदस्यहरूलाई कुटपिट गर्दै लखेटेका र तिनीहरू मध्ये ५ जना (नवराज वि.क., टिकाराम सुनार, गणेश बुढा, सन्दिप वि.क.)को शव भेरी नदीमा भेटिएको र हाल सम्म गोबिन्द शाही बेपत्ता भएको समाचारले हामीलाई स्तब्ध बनाएको छ । यस्ता अमानवीय घटनाहरूको जति भत्सर्ना र निन्दा गरेपनि अधुरो र अपुरो नै रहन्छ । मानव अधिकारका दृष्टिकोणबाट यस्ता घटनाको निष्पक्ष छानविन गरी दोषीलाई कानूनी दायरामा ल्याउँदै पीडितलाई क्षतिपूर्ति र न्याय दिनु पर्दछ ।

नेपालको संविधानको प्रस्तावनामा उल्लेखित बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको र धारा २४मा उल्लेख भएको छुवाछूत तथा भेदभाव विरुद्धको हक तथा धारा ४० मा उल्लेख गरिएको दलितको हक लगायतका कानुनी मान्यता हुँदाहुँदै पनि यस्ता घटनाहरु घट्नु वास्तवमा मानव समुदायमा लज्जास्पद मान्नु पर्ने हुन्छ ।

प्रहरीले किटानी जाहेरी तथा प्राप्त सूचनाका आधारमा घटनामा संलग्न भएकाहरूलाई गिरफ्तार गरी हिरासतमा राखेको छ । नेपाल सरकारबाट छानविन समिति गठन भईसकेको र नागरिक संगठनबाट समेत छानविन भईरहेको छ । विद्यालय, शैक्षिक संस्थाहरू बन्द भईरहेको र लकडाउनको समयमा समेत अझै पनि संविधान, ऐन, कानुन विपरित जातीय विभेद, हिंसा, दुर्व्यवहार, बालविवाह, , लैङ्गिक हिंसा, आत्महत्या जस्ता घटनाहरू भईराख्नु र यस्ता घटनाहरूमा बालबालिका, किशोरकिशोरी पनि पीडित र प्रभावित हुनु अझै दुःखद पक्ष हो । आजको समयमा समेत जातीय विभेद, लैङ्गिक असमानता, वर्गीय विभेद, बालविवाह, लगायतका अमानवीय र क्रुर प्रकृतिको घटनाहरू हुनु भनेको संवैधानिक, कानुनी, मानवअधिकार, सामाजिक न्याय सामाजिक सुरक्षा, लगायतका दृष्टिकोणले समेत जघन्य फौजदारी तथा सामाजिक अपराधको विषय हो । यसमा पनि रुकुम पश्चिम, जाजरकोट सहित देशका विभिन्न स्थानमा भएका, हुने गरेका जातीय, लैङ्गिक, वर्गीय विभेद तथा अन्य कारणबाट सिर्जित घटनाबाट हामी स्तब्ध भएका छौं । यस प्रकारका घटनाहरूप्रति घोर निन्दा र भत्सर्ना गर्दै मृतक युवाहरू प्रति श्रद्धाञ्जली, परिवारजनमा समवेदना, घाइतेहरूको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै

निम्न कदमहरू अघि सार्न सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

१) रुकुम चौरजहारी घटनाको तथ्य र निष्पक्ष छानविन गरी दोषीलाई कानूनी दायरामा ल्याई हदैसम्मको कारवाही गरियोस् ।

२) घटनामा मृत्युभएको परिवारलाई क्षतिपूर्ति, घाइतेहरूको उपचार व्यवस्था गरियोस् ।

३) घटनासँग जोडिएकी १७ वर्षीय बालिका सहित दुवै तर्फको १८ वर्ष मुनिका किशोर किशोरीहरूको सन्दर्भमा बालअधिकारको दृष्टिकोणबाट उनीहरूको सुरक्षा र मनोविमर्श सेवाको सुनिश्चित गरियोस् ।

४) समाजमा दिन प्रतिदिन बढ्दै गईरहेका जातीय विभेद, लैङ्गिक हिंसा, भेदभाव, दुर्व्यवहार, बालविवाह, बलात्कार जस्ता घटनाहरू हुन नदिन र भएका घटनाहरूको उजुरी र प्रचलित ऐन, कानूनभित्र उपयुक्त कानूनी उपचारको ग्यारेन्टी गरियोस् ।

५) लकडाउनको परिस्थितिमा बालबालिका, किशोरकिशोरी, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, एकल महिला, सीमान्तकृत वर्ग, एचआईभी संक्रमितको सन्दर्भमा थप संवेदनशिल बन्न उनीहरूको शिक्षा, स्वास्थ्य, संरक्षणमा विशेष ध्यान दिन बालमैत्री, किशोरीमैत्री, अपाङ्गतामैत्री, ज्येष्ठ नागरिकमैत्री व्यवहार र मनोविमर्शको व्यवस्था गर्न जोडदार माग गर्दछौं ।

भवदीय,

तिलोत्तम पौडेल

अध्यक्ष